**मुक्तिनाथ दर्शन सेवा**
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
**पोखरा साइडसिन सेवा**
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ३५२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ पुस ३० गते बुधबार ❑ 14 Jan. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## १४ औं पोखरा महोत्सव सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २९ पुस

पोखरा अमरसिंह चौरमा १४ औं संस्करणको पोखरा महोत्सव सुरु भएको छ । युनाईटेड क्लब पोखराको आयोजनामा सुरु भएको महोत्सवको नेपाल सरकारका महिला बालवालिका तथा जेष्ठ नागरिक मन्त्री श्रद्धा श्रेष्ठले उद्घाटन गरिन ।



महोत्सवको उद्घाटन गर्दै मन्त्री श्रद्धा श्रेष्ठले पोखरा महोत्सवले पोखराको ब्राण्डलाई उच्च बनाएको बताइन । पोखरा महोत्सवले पोखरा आसपासको कला, संस्कृतिको प्रवर्द्धन र आर्थिक चलायमानमा समेत टेवा पुऱ्याउने उनको भनाइ रहेको थियो । आफुले पोखरामा अध्ययन गर्दा होस वा पोखरामा पर्यटन वोर्डको प्रमुखमा रहेर काम गर्दाको समयमा पोखरेलीहरु पर्यटन प्रवर्द्धनमा अग्रसर रहेको आफुले महशुस गरेको बताउदै मन्त्री श्रेष्ठले पोखरा महोत्सव समेत त्यसको एक उदाहरण रहेको बताइन । पोखरा महोत्सवको स्थापना कालीन समयमा समेत आफुले सहयोग गरेको मन्त्री श्रेष्ठले स्मरण गरिन ।

मन्त्री श्रेष्ठले आफु विशेष परि स्थितीबाट नेपाल सरकारको मन्त्री बन्न पुगेको र तोकिएकै समयमा निर्वाचन गर्न राजनैतिक दलहरु समेत तयार रहेको बताइन । सो अवसरमा वोल्दै गण्डकी प्रदेशका स्वास्थ्यमन्त्री कृष्ण प्रसाद पाठकले युनाईटेड क्लब पोखराले महोत्सवकै आयोजना गरि पोखरामा चिडियाखानाको अवधारणा लिएर काम गर्दै गर्दा उक्त योजनालाई हाल आएर प्रदेश सरकारले चिडियाखाना निर्माणको कामलाई अगाडी बढाइरहेको बताए । त्यसैगरी युनाईटेड क्लबले शिक्षा, स्वास्थ्य, खेलकुद र पर्यटन प्रवर्द्धन संगै हाल लेखनाथमा निर्माण भइरहेको छात्राबासलाई समेत प्रदश सरकारको तर्फबाट साथ र सहयोग रहने बताए ।

त्यस्तै गण्डकी प्रदेश सभा सदस्य भीम कार्कीले युनाईटेड क्लबले महोत्सवकै आयोजना गरि सामाजिक कामलाई निरन्तरता दिइरहेको सन्दर्भमा गण्डकी प्रदेश सरकारले समेत साथ र सहयोग गर्ने बताए । त्यस्तै गण्डकी प्रदेश सभा सदस्य बेद बहादुर गुरुङ श्यामले युनाईटेड क्लबले पोखरामा महोत्सवको आयोजना गरिर पोखरामा मात्र नभइ नेपालभर शिक्षा, स्वास्थ्य, खेलकुद र पर्यटनको क्षेत्रमा काम गर्दै आइरहेको आफुले नजिकबाट नियाल्दै आइरहेको र आफ्नो ब्याक्तिगत र प्रदेश सरकारको तर्फबाट सक्दो सहयोग गर्ने बताए । नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बराललेे युनाईटेड क्लबले महोत्सवकै आयोजना गरि सामाजिक कामलाई निरन्तरता दिएको र त्यसलाई पोखराका पत्रकारहरुले साथ र सहयोग गरिरहेको र आगामी दिनमा पनि साथ र सहयोग रहने बताउदै १४ औं संस्करणको पोखरा महोत्सवको सफलताको कामना गरे । त्यस्तै संविधान सभा सदस्य राजकाजी गुरुङले पोखरा महोत्सव आयोजक युनाईटेड क्लब पोखरा संग आफु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा जोडिएर सहकार्य गर्दै अगाडी वढिरहेको बताए । पोखरा महोत्सवको आयोजना गरि सामाजिक काम मार्फत युनाईटेड क्लबले आफुलाई अब्बल साबित गरेको गुरुङको भनाइ थियो । बन्दीपुर केबुलकारकाका उपाध्यक्ष किरण पोखरेलले पोखरा महोत्सव आयोजक युनाईटेड क्लब संग सहकार्य गर्न पाउदा खुसी लागेको बताए । प्रध्यापक डा. कृष्ण केसीले पोखरा महोत्सवको आयोजना गरि युनाईटेड क्लबले सामाजिक गतिविधी संगै पर्यटकीय गन्तब्य निर्माण गर्ने गरी अगाडी बढ्दै आजको दिन सम्म आइपुगेको बताए । १४ औं पोखरा महोत्सव पश्चात शिक्षामा जुन लक्ष्यका साथ काम गर्ने महोत्सव आयोजकको जमर्को छ त्यसमा सम्पूर्णको साथ र सहयोग समेत रहने उनको भनाइ रहेको थियो । अमरसिंह माविका विद्यालय ब्यवस्थापन समितिका अध्यक्ष कृष्ण प्रसाद कोइरालाले पोखरा महोत्सव आयोजक युनाईटेड क्लबले अमर सिंह माविमा अध्ययनरत विद्यार्थीहरुको लागि पठनपाठनमा सहयोग पुग्ने गरी शैक्षिक सामाग्री प्रदान गरी सहयोग गर्दै आइरहेको बताए । युनाईटेड क्लबले १३ औं संस्करणको पोखरा महोत्सव भब्य र सभ्य रुपमा सफल गरिसकेको बताउदै १४ औं पोखरा महोत्सवको सफलताको समेत कामना गरे । पोखरा महानगरपालिका वडा नं १० का अध्यक्ष राजेश गुरुङले पोखरा महोत्सव आयोजक युनाईटेड क्लबले सामाजिक काम गर्दै आइरहेको र १४ औं संस्करणको पोखरा महोत्सव पश्चात समेत सामाजिक कामलाईनै जोड दिने भएकाले आफ्नो र वडाको तर्फबाट महोत्सवको सफलताको कामना गरे । नेपाल उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष आनन्दराज मुल्मीले पोखरालाई हेर्न र बस्न लायक शहर बनाउनका लागि युनाईटेड क्लबले प्रयत्न गरिरहेको बताए ।

युनाईटेड क्लबका निवर्तमान अध्यक्ष राजु श्रेष्ठले युनाईटेड क्लबले पोखरामा खुल्ला चिडियाखानाको अवधारणा ल्याई काम गरिरहदा उक्त योजना गण्डकी प्रदेश सरकारले आफ्नो गौरवको आयोजना बनाइ काम अगाडी वढिरहेको बताए । शिक्षा, स्वास्थ्य, खेलकुद र पर्यटन प्रवर्द्धन संगै सेती नदी संरक्षण र विपदको कामलाई निरन्तरता संगै पोखरा २७ अर्चलेमा क्लबको आफ्नै जग्गामा छात्राबास निर्माणलाई मुख्य प्राथमिकतामा राखेर कामगर्ने उनको भनाइ रहेको थियो । सो अवसरमा सामाजिक सञ्जालको माध्यामबाट विभिन्न पर्यटकीय गन्तब्यहरुको पहिचान गराउन सफल मुना केसी मुना चिया र विश्वसाइकल यात्राको माध्यामबाट नेपाललाई विश्वमा चिनाउन सफल अजित बरलालाई सम्मान गरिएको थियो । त्यसैगरी नेपाली फिल्मका चर्चित कलाकार विपिन कार्की र बिजय बरालले आ आफ्नो प्रस्तुती संगै पोखरा महोत्सवको सफलताको कामना गरे भने पोखरा महोत्सवकै अवसरमा सञ्चालन गर्न लागिएको वी पोखरा एपको बारेमा जानकारीमुलक प्रस्तुती दिएका थिए ।

क्लबका अध्यक्ष तथा १४ औं पोखरा महोत्सव मुल समारोहकाका संयोजक लोक बहादुर थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वरिष्ठ उपाध्यक्ष गणेश तिमिल्सिनाले स्वागत मन्तब्य राखेका थिएभने कार्यक्रमको सञ्चालन दिनेश सुनारले गरेका थिए ।

## गण्डकीमा चुनावी गतिविधि बढ्दै

**पोखरापत्र संवाददाता**
पोखरा, २९ पुस


प्रतिनिधिसभा सदस्य चुनाव आउन मात्र ५१ दिन बाँकी छ । मतदानको दिन नजिकिएसँगै जिल्लाजिल्लामा चुनावी गतिविधि बढ्न थालेको छ । चुनावलाई लक्ष्य गरी राजनीतिक दलहरूले सक्रियता बढाएका छन् ।

निर्वाचन कार्यालयहरू उम्मेदवारको मनोनयन दर्तादेखि अन्य व्यवस्थापकीय तयारीमा जुटेका छन् । सुरक्षा निकाय चुनावी सुरक्षा योजना निर्माण र कार्यान्वयनमा केन्द्रित बनेको छ । प्रदेश निर्वाचन कार्यालय, पोखराका सूचना अधिकारी रुद्रप्रसाद न्यौपानेले आगामी शुक्रबार सबै जिल्लामा निर्वाचन अधिकृतको कार्यालय स्थापना हुने बताउनुभयो । "निर्वाचन अधिकृतको कार्यालय स्थापना भएपछि निर्वाचनसम्बन्धी सबै काम त्यहीँबाट सम्पादन हुन्छ", उहाँले भन्नुभयो, "माघ ६ गते हुने उम्मेदवारको मनोनयन दर्ताका लागि आवश्यक तयारी पूरा भइसकेको छ ।" मनोनयन दर्तापछि चुनावी गतिविधि थप तीव्र हुने उहाँको भनाइ छ ।

कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्माले चुनाव केन्द्रित सुरक्षा योजना तयार भई कार्यान्वयनमा गइसकेको बताउनुभयो । "तीनै तहका सुरक्षा निकाय चुनावको शान्ति सुरक्षामा खटिएका छन्, नियमित गस्ती र सुरक्षा निगरानी बढाइएको छ", उहाँले भन्नुभयो, "मतदानस्थलको अनुगमन र संवेदनशीलता पहिचान गरिएको छ ।" मतदानस्थलसम्म मतदातालाई सहज रूपमा आवतजावत गर्ने व्यवस्थाका लागि बाटोघाटो मर्मतसुधारका लागि सम्बन्धित निकायलाई अनुरोध गरिएको प्रजिअ शर्माले बताउनुभयो । आसन्न राष्ट्रियसभा सदस्य निर्वाचनसँगै दुवै निर्वाचनलाई लक्ष्य गरी जिल्लाका सुरक्षा व्यवस्था चुस्त पारिएको उहाँको भनाइ छ । प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्तिको प्रक्रिया पनि अगाडि बढेको प्रजिअ शर्माले बताउनुभयो ।

कास्कीमा दुई हजार ३०० निर्वाचन प्रहरी खटाइने भएको छ । निर्वाचन प्रहरी भर्नाका लागि आगामी माघ १ गतेभित्र दरखास्त माग गरिएको निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्ति समितिले जनाएको छ । माघ ५ देखि १० गतेभित्र छनोट प्रक्रिया सकिने र १२ गते नतिजा प्रकाशन गरिने समितिले जनाएको छ । माघ १५ देखि २४ गतेसम्म निर्वाचन प्रहरीलाई प्रशिक्षण दिइने भएको छ । निर्वाचन प्रहरीको कार्यअवधि ४० दिन तोकिएको छ । प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको उक्त समितिले निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्त गर्नेछ ।

निर्वाचनको मिति नजिकिँदै गर्दा राजनीतिक गतिविधि पनि बढेको छ । दलहरू चुनावलक्षित अभियान र कार्यक्रममा केन्द्रित बनेका छन् । नेकपा (एमाले) गण्डकी प्रदेशका अध्यक्ष नवराज शर्माले एमाले उम्मेदवार छनोट र मनोनयन दर्ताको तयारीमा जुटेको बताउनुभयो । "एमालेले जिल्लाबाट सिफारिस भएर आएका उम्मेदवारका सबै नामलाई प्रदेशबाट केन्द्रमा पठाइएको छ, मनोनयनको मिति नजिकिएकाले एमालेलगायत दलहरू उम्मेदवार छनोटमा केन्द्रित छन्", उहाँले भन्नुभयो, "जिल्लाजिल्लामा निर्वाचनको माहोल बढेको देखिन्छ, दलहरूले राजनीतिक सक्रियता बढाएका छन्, उम्मेदवारका दाबेदार पनि टिकट ल्याउन प्रयासरत छन् ।" गण्डकी प्रदेशमा क्रियाशील अन्य राजनीतिक दलले पनि आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवार सिफारिससँगै पार्टीका साङ्गठानिक गतिविधिलाई तीव्र पारेका छन् ।




**सामाजिक अपराध तथा हिंसा विरुद्ध एकजुट होऔं ।**

- कुनै पनि प्रकारका हिंसा, दुर्व्यवहार, विभेद जस्ता सामाजिक अपराधजन्य क्रियाकलाप नगरौं ।
- त्यस्ता कार्य भएको देखेमा स्थानीय प्रशासनमा खबर गरौं ।
- सामाजिक अपराध र हिंसा विरुद्ध एकतावद्ध भएर आवाज उठाऔं ।
- बालवालिका, महिला, ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्तिहरू माथि हुने हिंसा विरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गरौं ।
- सामाजिक सञ्जाल, सञ्चार माध्यममार्फत फैलन सक्ने झुठा समाचार, वदनियतपूर्ण/द्वेषपूर्ण सामग्री प्रति सजग रहौं ।
- मानवीय मर्यादाको संरक्षण गर्दै छिमेकी र समुदायलाई सहयोग गरौं ।
- विद्यालय, टोल तथा सामुदायिक संस्थामा हिंसारहित व्यवहार गरौं ।
- सामाजिक अपराध रोक्न समुदाय–प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी बनाऔं ।

अपराधमुक्त समाजका लागि कानुनी दायित्व निभाऔं, पिडितलाई न्याय दिलाउन सबैले सहयोग गरौं ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

## पद चाहिएको छैन, महाधिवेशनलाई उपलब्धिपूर्वक टुङ्ग्याउनु छ : महामन्त्री थापा

**रासस**
काठमाडौं, २९ पुस

नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले विशेष महाधिवेशबाट आफूलाई पद नचाहिएको बताउनुभएको छ ।

नेपाली कांगेस विशेष महाधिवेशन पक्षधरद्वारा आयोजना गरिएको विशेष महाधिवेशको बन्दसत्रको दोस्रो दिन आज सम्बोधन गर्दै उहाँले आफूलाई पदका लागि विशेष महाधिवेशन नगरिएको स्पष्ट पार्नुभयो । महामन्त्री थापाले पार्टीको आन्तरिक लोकतन्त्रमा प्रश्न गर्न सबैले पाउनुपर्ने भन्दै आन्तरिक लोकतन्त्रमा प्रश्न गर्नु आँफैमा विद्रोह भएको धारणा राख्नुभयो । "यो विद्रोह हो, प्रश्न गर्नु आफैँमा एउटा विद्रोह हो, मौनता साँध्नु भनेको मृत्युलाई अगाल्नु जस्तै हो", उहाँले भन्नुभयो । महामन्त्री थापाले पार्टीभित्र गुठ भन्दापनि गिरोह बढ्दै गएको भन्दै पार्टीलाई बदल्न जरूरी रहेको उल्लेख गर्नुभयो । उहाँले बाहिरको हल्लाको पछि नलाग्नसमेत सबैलाई आग्रह गर्नुभयो । "अहिले बाहिर अनेक हल्ला चलाइएको छ, कोही भागबण्डाका लागि भनिएको छ, म हल्लाको पछि लागेको छैन, तपाईहरू पनि नलाग्नुस्", उहाँले भन्नुभयो,"यो हलको म्याण्डेटलाई हामी सबैले मान्नुपर्छ । बाहिर हुने कुनै सहमतिलाई पनि यो हलले अपनत्व लिएपछि मात्रै अगाडि बढ्छ ।" महामन्त्री थापाले पार्टीको विशेष महाधिवेशनलाई उपलब्धिपूर्वक ढङ्गले टुङ्ग्याउनुपर्ने बताउनुभयो ।

# फागुन २१ को निर्वाचन देशभर एकै चरणमा हुन्छ : गृहमन्त्री अर्याल

**रासस**
काठमाडौं, २९ पुस

गृहमन्त्री ओमप्रकाश अर्यालले आगामी फागुन २१ गते हुने निर्वाचनका लागि उपयुक्त वातावरण बनिसेको बताउनुभएको छ।

उहाँले दुई चरणमा चुनाव हुने भनि गरिएका हल्ला निराधार भएको स्पष्ट पार्नुभयो। सप्तरीको राजविराजमा मंगलबार साँझ सञ्चारकर्मीहरूसँगको सङ्क्षिप्त कुराकानीमा उहाँले निर्वाचनबारे कुनै शङ्का छैन र निर्वाचन देशभर एकै चरणमा हुन्छ भन्नुभयो। देश चुनावमय बन्दै गएको उल्लेख गर्दै उहाँले आउँदो फागुन २१ गते नै तोकिएको मितिमा निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित निर्वाचन सम्पन्न गरी निर्वाचित सरकारलाई जिम्मेवारी हस्तान्तरण गर्नु सकारको दायित्व भएको बताउनुभयो। गृहमन्त्री अर्यालले भन्नुभयो, "निर्वाचन सम्पन्न गरी निर्वाचित सरकारलाई जिम्मेवारी हस्तान्तरण गर्ने मूल 'म्यान्डेट'का साथ गठन भएको यस नागरिक सरकार मूलतः सुशासन कायम गर्दै शान्तिसुरक्षाको प्रत्याभूतिसहित तोकिएकै मितिमा स्वच्छ, निष्पक्ष र धाँधलीरहित वातावरणमा निर्वाचन सम्पन्न गर्ने मूल ध्येयका साथ अघि बढिरहेको छ।" गृहमन्त्री अर्यालले, "राजनीतिक दलहरूको सक्रियता, जनस्तरको चासो र समग्र परिस्थितिले निर्वाचनको माहोलसमेत मजबुत हुँदै गएको सङ्केत गरेको छ, पहिलेजस्तो वातावरण नराम्रो छैन, अहिले निर्वाचनको माहोल धेरै सुदृढ हुँदै गएको छ।"

उहाँसँगै सप्तरी आउनुभएका नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले तोकिएकै मितिमा धाँधलीमुक्त चुनाव हुने विश्वास व्यक्त गर्नुभयो। त्यसका लागि सरकार पूर्ण रूपमा प्रतिबद्ध रहेकाले निर्वाचनलाई लक्षित गर्दै जिल्लामा सुरक्षा व्यवस्था मजबुत बनाइएको उहाँले जानकारी दिनुभयो।



तरुलको व्यापार :
पोखरा-९ शान्तिवनस्थित तरकारी बजारमा माघे सङ्क्रान्तीका लागि बिक्री गर्न राखिएका तरुल।
तस्बिर : जमुनावर्षा शर्मा / रासस

# बन्दसूचीबाट एकल चुनाव चिह्नसहितका १७५ उम्मेदवारबाट नाम फिर्ता

**रासस**
काठमाडौं, २९ पुस

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिकतर्फको बन्दसूचीबाट १७ चुनाव चिह्नका (एकलसहित) १७५ जना उम्मेदवारले नाम फिर्ता लिएका छन्।

बन्दसूचीमा नाम समावेश भएका उम्मेदवारले आफ्नो नाम फिर्ता लिन चाहेमा पुस २८ गते सोमबार बिहान १०:०० बजेदेखि ४:०० बजेसम्म फिर्ता लिन सक्ने भनी निर्वाचन आयोगले सूचना प्रकाशित गरेको थियो। उक्त अवधिमा एकलसहित १७ चुनाव चिह्नका १७५ जना उम्मेद्वारले नाम फिर्ता लिएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिनुभयो। फिर्ता लिनेमा एकल चुनाव चिह्नबाट बन्द सूचीमा नाम पेस गर्ने राजनीतिक दलका उम्मेदवारसमेत छन्।

नाम फिर्ता लिनेमा सबैभन्दा धेरै लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का ११० उम्मेदवार रहेको सहायक प्रवक्ता जिसीले बताउनुभयो। उक्त पार्टी अन्य दलसँग मिलेकाले पेस भएका ११० जना उम्मेदवारको नाम बन्दसूचीबाट फिर्ता लिएको जनाइएको छ। यसैगरी जनमत पार्टीका २० जना, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का १२, जनादेश पार्टी नेपालका छ र नेकपा (एमाले) का पाँच जना उम्मेदवारले नाम फिर्ता लिएका आयोगले जनाएको छ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र राष्ट्र निर्माण दल नेपालका चार/चार जना उम्मेदवारले पनि नाम फिर्ता लिएका छन्। यस्तै, नेपाली कांग्रेस, उन्नत लोकतान्त्रिक पार्टी, नेपाली कम्युनिष्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टीका दुई/दुई जना उम्मेदवारले उम्मेदवारी फिर्ता लिएका छन्। संयुक्त लोकतान्त्रिक राष्ट्रिय मञ्च, संयुक्त नागरिक पार्टी, राष्ट्रिय मुक्ति पार्टी नेपाल र जनता समाजवादी पार्टीका तर्फबाट जाँतो एकल चुनाव चिह्नका एक/एक उम्मेदवारले बन्दसूचीबाट नाम फिर्ता लिएका छन्। यसैगरी गतिशील लोकतान्त्रिक पार्टी, नेपाल जनता पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टीका तर्फबाट एक/एक जना उम्मेदवारले नाम फिर्ता लिएको आयोगले जनाएको छ। समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीका लागि यही पुस १३ र १४ गते दलहरूले आयोगमा नाम पेस गरेका थिए।

# 'कमजोरी सुधार गर्दैं देशको समृद्धिका लागि एकाकार हुनुपर्छ'

**रासस**
काठमाडौं, २९ पुस

नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' ले मुख्य राजनीतिक दलहरूले आफ्ना कमीकमजारी सुधार गर्दै देशको समृद्धिका लागि एकाकार भएर लाग्नुपर्ने बताउनुभएको छ।

पार्टी कार्यालय पेरिसडाँडामा मंगलबार आयोजित केन्द्रीय सदस्यको शपथ ग्रहण समारोहलाई सम्बोधन गर्दै उहाँले राष्ट्रलाई थप एकताबद्ध, राष्ट्रिय एकता र राष्ट्रिय स्वाधीनतालाई सुदृढ गर्नका लागि नयाँ सङ्कल्पसहित पहलकदमी लिनुपर्ने आवश्यकता औंल्याउनुभयो। संयोजक दाहालले सबै प्रमुख राजनीतिक दलहरूले आत्मसमीक्षा गरेर विगतमा आफ्ना कमजोरीको मूल्याङ्कन गर्न जरुरी रहेकामा जोड दिनुभयो। उहाँले भन्नुभयो, "सबै ठिकै चलिरहेको छ भन्नेगरी परम्परागत तरिकाले मात्रै देशमा उत्पन्न परिस्थितिको सामना गर्न सकिँदैन। राष्ट्र जुन असाधारण सङ्कटको अवस्थाबाट गुज्रेको छ, यसलाई थप एकताबद्ध, राष्ट्रिय स्वाधीनतालाई सुदृढ गर्नका लागि नितान्त नयाँ सङ्कल्पसहित पहलकदमी लिन जरूरी छ भन्ने निष्कर्षका साथ हामीले पार्टी एकता प्रक्रियालाई अगाडि बढाएका छौं।" संयोजक दाहालले देशमा उत्पन्न असाधारण परिस्थितिको सामना गर्नका लागि नेपालको इतिहासमा पहिलोपटक एकैसाथ २० वटा कम्युनिष्ट र समाजवादी घटकलाई एकताबद्ध गर्न सफल भइएको उल्लेख गर्नुभयो। "पार्टी एकताको प्रक्रिया दिनप्रतिदिन झन शक्तिका साथ अगाडि बढिरहेको छ। खाली घटक सङ्गठन मात्रै होइन देशलाई माया गर्ने थुप्रै व्यक्ति व्यक्तित्वहरू पनि जोडिरहेका छन्। अब एकताको उद्देश्य र जेनजी पुस्ताले अगाडि सारेको सुशासन कायम गर्दै भ्रष्टाचारमुक्त देश बनाउन सबै प्रतिबद्ध भएर लाग्ने छौं।"

# गोरखाको गोरखनाथबाट भारतको गोरखपुरसम्म 'खिचडी यात्रा' सुरु

**पोखरापत्र संवाददाता**
गोरखा, २९ पुस

यहाँको प्रसिद्ध धार्मिकस्थल गोरखनाथ मन्दिरबाट भारतको उत्तर प्रदेशस्थित गोरखपुरमा रहेको गोरखनाथ मन्दिरसम्म 'खिचडी यात्रा' सुरु भएको छ।

गोरखनाथ तथा कालिका मन्दिरको प्रचारप्रसार गर्दै जिल्लामा धार्मिक पर्यटक भित्र्याउने उद्देश्यसहित आज बिहान बाजागाजासहित गोरखपुरका लागि 'खिचडी यात्रा' निस्किएको गौमाता सेवा महासङ्घका अध्यक्ष होमसिंह बस्यान्तले जानकारी दिनुभयो। उहाँका अनुसार गोरखामा धार्मिक तथा आन्तरिक पर्यटक वृद्धि गर्ने उद्देश्यले गएको तीन वर्षदेखि यहाँबाट गोरखपुरसम्म 'खिचडी यात्रा' गरिँदै आएको छ। यहाँबाट निस्किएको खिचडी यात्रा भैरहवा पुग्ने र यही माघ १ गते गोरखपुर पुग्ने कार्यक्रम रहेको अध्यक्ष बस्न्यातले बताउनुभयो। "माघी पर्वको अवसरमा प्राचीनकालदेखि नै गोरखनाथ मन्दिरबाट गोरखपुरस्थित गोरखनाथ मन्दिरमा खिचडी पठाउने चलन थियो, तर २० वर्षभन्दा बढी समयदेखि रोकिएको उक्त परम्परालाई पुनः निरन्तरता दिन थालिएको हो", उहाँले भन्नुभयो। पुनः सुरु गरिएको खिचडी यात्राले हराउँदै गएको परम्परालाई जगेर्ना गर्न मद्दत पुगेको अध्यक्ष बस्न्यातको भनाइ छ। परम्पराअनुसार गोरखाबाट लगिएको खिचडी गोरखपुर स्थित उत्तर प्रदेशको गोरखनाथ मन्दिरमा लगेर चढाइने गरिन्छ। खिचडी चामल, मासको दाल, घ्यू, नुन, बेसारलगायत खाद्यवस्तु मिसाएर बनाइन्छ। गोरखनाथ मन्दिरबाट प्रसादका रूपमा लिएर गएको खिचडी उत्तर प्रदेशको गोरखनाथ मन्दिरमा माघी पर्वका दिन ब्रम्ह्मूहुर्तको समयमा चढाएपछि मात्र त्यहाँ खिचडी भोग गर्ने परम्परा रहेको उहाँले बताउनुभयो। 'खिचडी यात्रा'मा करिब ५० जनाको टोली गोरखपुरतर्फ प्रस्थान गरेको हो। यात्राले दुई देशबीचको परम्परागत धार्मिक तथा सांस्कृतिक सम्बन्ध जोगाउन थप सहयोग पुग्ने गोरखा नगरपालिकाका प्रमुख कृष्णबहादुर रानामगरले बताउनुभयो। खिचडी पुर्‍याउने परम्पराको पुनः थालनीसँगै उत्तर प्रदेश र गोरखाबीचको धार्मिक सम्बन्ध थप बलियो हुँदै जाने र यसले गोरखा जिल्लामा लाखौं धार्मिक पर्यटकसमेत भित्र्याउन सकिने उहाँले विश्वास व्यक्त गर्नुभयो।

# विश्वकप तयारीका लागि नेपाली क्रिकेट टोली श्रीलङ्का र भारत जाने

**रासस**
काठमाडौं, २९ पुस

अन्तरराष्ट्रिय क्रिकेट काउन्सिलको आयोजनामा भारत र श्रीलङ्कामा संयुक्त रुपमा सञ्चालन हुने आइसिसी टी-२० पुरुष विश्वकप क्रिकेट प्रतियोगिताको तयारीस्वरुप नेपाली राष्ट्रिय क्रिकेट टोलीले श्रीलङ्का र भारतमा गएर अभ्यास गर्ने भएका छन्।

नेपाली टोलीले स्वदेशमा दुई चरणको तयारी क्याम्प सम्पन्न गर्ना साथ श्रीलङ्का र भारतमा गएर अभ्यास गर्ने नेपाल क्रिकेट सङ्घ (क्यान) ले जनाएको छ। नेपालले श्रीलङ्कामा त्यहाँको 'ए' टोली र भारतमा मुम्बई क्रिकेट एसोसिएनसनको टोलीसँग अभ्यास खेल खेल्नेछ।

नेपाली टोली हाल रुपन्देहीको 'एक्स्ट्राटेक ओभल'मा अभ्यास गरिरहेको छ। नेपाली टोली सुरुमा श्रीलङ्का र त्यसपछि अन्तिम तयारी गर्न भारतको मुम्बईमा जानेछ। नेपाली टोली अर्को साता श्रीलङ्का जाने क्यानले जनाएको छ। करिब एक साता अभ्यास गरेपछि नेपाली टोली मुम्बई फर्किने क्यानले जनाएको छ। नेपाली टोलीमा कप्तान रोहित पौडेलसहित उपकप्तान दीपेन्द्रसिंह ऐरी, सोमपाल कामी, करण केसी, नन्दन यादव, सन्दीप लामिछाने, कुशल भुर्तेल, आसिफ शेख, सन्दीप जोरा, आरिफ शेख, बसिर अहमद, गुल्सन झा, ललित राजवंशी, शेर मल्ल र लोकेश बम रहेका छन्।

# पोखरामा उद्यमम क्लिनिक सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, २९ पुस



मान्छेलाई रोग लागे उपचारको लागि अस्पताल लगिन्छ। व्यवसाय र उद्योगलाई रोग लागे के गर्ने ? त्यसको पनि खोजी भएको छ।

पोखरामा मंगलबारबाट उद्यम क्लिनिकको विधिवत् सुरुवात गरिएको छ। उद्यममा देखिएका अवरोध वा रोग हटाइ स्वस्थ बनाउने सो क्लिनिकको काम हो। पोखरा महानगरपालिकाअन्तर्गत रहेको व्यवसाय प्रवर्द्धन केन्द्रले पोखरा उद्योग वाणिज्य संघसँगको सहकार्यमा यो क्लिनिक सुरु भएको घोषणा गरेको हो। लगत्तै न्यूरोडका व्यवसायीको प्रतिनिधित्व गर्ने केपी शर्मा पाध्याको तर्फबाट व्यवसाय प्रवर्द्धन केन्द्रका प्रमुख नगराज अधिकारी र पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीलाई समस्याको जानकारीसहितको फाइल हस्तान्तरण गरे।

व्यवसाय प्रवर्द्धन केन्द्रले यसअघि पनि सोही प्रकृतिको काम गर्दै आए पनि निजी क्षेत्रसँग अझ बढी सामिप्यता बढाउनको लागि यो क्लिनिक सुरु गरिएको केन्द्रका प्रमुख नवराज अधिकारीले जानकारी दिए।

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्कीले उद्यम क्लिनिकले निजी क्षेत्रका समस्या समाधान र व्यावसायिक वातावरणमा सघाउने विश्वास व्यक्त गरे।

पोखरा उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष उत्तममान बुद्धाचार्यको धन्यवाद ज्ञापन रहेको सो कार्यक्रमको संचालन संघका महासचिव शोभा गौतमले गरेकी थिइन्।

# पर्वतमा एक लाख २५ हजार ४६६ मतदाता कायम

**पोखरापत्र संवाददाता**
पर्वत, २९ पुस

आगामी फागुन २१ गते तोकिएको प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि पर्वतमा एक लाख २५ हजार ४६६ मतदाता कायम भएका छन्।

जिल्ला निर्वाचन कार्यालयका अनुसार पछिल्लोपटक अद्यावधिक गरिएअनुसार उक्त सङ्ख्या कायम भएको हो। त्यसमध्ये महिला मतदाताको सङ्ख्या ६२ हजार ८६५, पुरुष मतदाताको सङ्ख्या ६२ हजार ६०० रहेको छभने अन्य एक जना रहेका छन्। यहाँ २०७९ सालको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा कुल मतदाता सङ्ख्या एक लाख २२ हजार ६४९ रहेका थिए। अघिल्लो निर्वाचनभन्दा आगामी निर्वाचनमा दुई हजार ८१७ जना बढी भएका हुन्। कार्यालयका अनुसार कुश्मा नगरपालिकामा ३२ हजार ९४९ र फलेवासमा २४ हजार १६१ मतदाता कायम भएका छन्। त्यसैगरी, जलजला गाउँपालिकामा १६ हजार ७५०, पैंयूमा ११ हजार ६६७, महाशिलामा आठ हजार ४७९, मोदीमा २० हजार ३०१ र विहादी गाउँपालिकामा ११ हजार १५९ मतदाता कायम भएका छन्। आगामी निर्वाचनका लागि जिल्लामा ७६ मतदातस्थल र १५१ मतदान केन्द्र निर्धारण गरिएको जिल्ला निर्वाचन कार्यालयका सूचना अधिकारी ज्ञानेन्द्र शर्माले जानकारी दिनुभयो। आगामी निर्वाचनका लागि पर्वतमा दुईवटा मतदानस्थल थप गरिएको छ। मोदी गाउँपालिकाको वडा नं ६ तिलाहारको गिज्यानमा रहेको तुलोदय मावि र जलजला गाउँपालिका वडा नं ८ फर्सेको शिव माविमा गरी दुई मतदानस्थल थप गरिएको होभने तीन मतदान केन्द्र पनि थप गरिएको छ। कार्यालयका अनुसार अब अघिल्लो प्रतिनिधिसभा निर्वाचनमा ७४ मतदानस्थलमा १४८ मतदान केन्द्र रहेका थिए भने अब ७६ मतदानस्थलमा १५१ मतदान केन्द्र रहने भएको सूचना अधिकारी शर्माले बताउनुभयो। जिल्ला निर्वाचन कार्यालयले निर्वाचन आयोगको निर्देशनानुसार निर्वाचनका लागि विभिन्न तयारी गरिरहेको सूचना अधिकारी शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार अहिले निर्वाचन सामग्री रुजु गर्ने र अपुग भएका सामान खरिद गर्ने तयारी भइरहेको जानकारी दिनुभयो। आयोगले मुख्य निर्वाचन अधिकृत नियुक्त गरिसकेको र अन्य कार्यालयका नियमित काम भइरहेको उहाँले बताउनुभयो।

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# अत्यधिक चिसोका कारण मुस्ताङमा विकास निर्माणको काम ठप्प

**रासस**
मुस्ताङ, २९ पुस

अत्यधिक चिसोका कारण हिमाली जिल्ला मुस्ताङमा विकास निर्माण काम ठप्प भएका छन् । हिउँदयामको मौसममा अत्यधिक चिसो बढेसँगै मुस्ताङका पाँचवटै स्थानीय तहमा कार्यान्वयनमा आइरहेका पूर्वाधार विकास निर्माणका काम ठप्प हुन पुगेका हुन् ।

उत्तर/दक्षिण जोड्ने राष्ट्रिय गौरवको (बेनी-जोमसोम-कोरला) सडक खण्डअन्तर्गत सडक तथा पुल निर्माण योजना अत्यधिक चिसोका कारण प्रभावित बनेको आयोजना प्रमुख तेजस्वी शर्माले जानकारी दिनुभयो । अत्यधिक चिसोका कारण विकास निर्माणमा परिचालित उपकरण पनि थन्किन पुग्छन् । पुसअगावै कोरला सडकअन्तर्गत मुस्ताङ खण्डमा आयोजनाको काम स्थगित गरिएको उहाँले बताउनुभयो ।

राष्ट्रिय गौरवको कोरला सडक खण्डअन्तर्गत मुस्ताङमा चिसोले प्रभावित बनेका पूर्वाधार निर्माणका काम चैत महिनापछि पुनः सञ्चालनमा आउने प्रमुख शर्माको भनाइ छ । उहाँका अनुसार कोरला सडकअन्तर्गत चालु आवमा ठेक्का सम्झौता भएको (कागबेनी-छुसाङ) ९ दशमलव ८ किमी कालोपत्र सडक स्तरोन्नतिको कामचिसोका कारणरोकिएको छ। कागबेनी-छुसाङ सडक कालोपत्र गर्न आयोजनाले रु २८ करोड ८७ लाखमा ठेक्का सम्झौता गरेको थियो । आयोजनाअन्तर्गत २०७५ सालमा ठेक्का सम्झौता भएको कोरला नाका जोड्ने एक स्पानको ४० मिटर लामो घमी खोला पुलको काम पनि चिसोका कारण रोकिएको आयोजनाले जनाएको छ । हिमढुङ ठोक्कर एण्ड इमोटल जेभी कन्ट्रक्सनले रु ६ करोड ८० लाख लागतमा ठेक्का सम्झौता गरी काम अघि बढाए पनि यहाँको घमी खोला पुल निर्माणमा ढिलाइ भएको छ। भौतिक प्रगति ८० प्रतिशत पुगेको घमी खोलामा गत असोजमा फाउन्डेसन निर्माण गरी स्लाप ढलान सकेको छ । यहाँ एप्रोज रोड र पुल फिनिसिङको काम बाँकी रहे पनि अत्यधिक चिसो बढेकाले पुल निर्माणको काम स्थगित हुन पुगेको आयोजना प्रमुख शर्माको भनाइ छ ।

यसैगरी, कोरलानाका जोड्ने राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडकअन्तर्गत थासाङ गाउँपालिका-२ कोवाङदेखि घरपफोङ-४ जोमसोमसम्मको १७ किलोमिटर सडक पनि चिसोका कारण अवरुद्ध हुन पुगेको छ । विसं २०७३/७४ देखि ठेक्का सम्झौता भई अस्फाल्ट कालोपत्र सडक निर्माण सुरु गरिएको भए पनि यहाँ निर्माण कम्पनीको ढिलासुस्तीले निर्माणको काम पूरा हुन सकेको छैन । यद्यपि यहाँको सडकमा करिब पाँच किलोमिटर सडक कालोपत्र हुन बाँकी छ । निर्माण कम्पनीले सक्रियता बढाएको भए पुसअगावै निर्माणको काम सकिने आयोजनाको विश्वास थियो । यसैगरी, कोरला सडकअन्तर्गत थासाङ गाउँपालिकामा निर्माणाधीन लार्जुङ खोला पुल र कैकु खोला पुल निर्माणको काम पनि चिसोले प्रभावित भएको आयोजना प्रमुख शर्माले उल्लेख गर्नुभयो । अत्यधिक चिसोका कारण मुस्ताङमा दर्जनौं सङ्घीय, प्रादेशिक कार्यालय र स्थानीय निकायका विकास योजना ठप्प भएका हुन् । मुस्ताङस्थित पूर्वाधार विकास कार्यालयद्वारा कार्यान्वयनको चरणमा रहेका पुरानो वहुवर्षीय योजना १२ र चालु वर्ष थपिएका १३ नयाँ योजनाको काम चिसोका कारण प्रभावित बनेको पूर्वाधार विकास कार्यालयका सवइन्जिनियर जगदीश जोशीले जानकारी दिनुभयो ।

सवइन्जिनियर जोशीका अनुसार घरपफोङ-२ मार्फास्थित आलबारी जाने सडकमा कटिङको काम भइरहेको भए पनि कार्यालयद्वारा कार्यान्वयनमा रहेका अधिकांश योजना चिसोका कारण स्थगित गर्नुपरेको उहाँले बताउनुभयो । पुराना बहुवर्षीय योजना विभिन्न कारणले अवरुद्ध भएका र कतिपय निर्माणको चरणमा रहँदा चिसोले काम हुन सकेको छैन ।

नयाँ योजनामध्ये तीन बहुवर्षीय योजनाको प्रक्रियामा रहेको र कतिपय ठेक्का प्रक्रियामा छन् । ठेक्का सम्झौता भई सुरु भएका नयाँ योजना पनि हिउँदयाम भएकाले पूर्वाधारको काम अघि बढाउन नसकिएको सवइन्जिनियर जोशीको भनाइ छ । मुस्ताङमा अत्यधिक चिसो बढेसँगै खानेपानी, जलस्रोत तथा सिँचाइ सवडिभिजन कार्यालय, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप), एकीकृत सेवा कार्यालयलगायत मुस्ताङका पाँच स्थानीय तह र विभिन्न सङ्घसंस्थाको भौतिक पूर्वाधार निर्माणलगायत काम चिसोले प्रभावित बनेको हो । विकास निर्माण कार्यअन्तर्गत यहाँका प्रत्येक स्थानीय तहमा ५० भन्दाबढी साना ठूला पूर्वाधार योजना कार्यान्वयनमा छन् । तर यी सबै योजना अत्यधिक चिसोका कारण ठप्प बनेका छन् ।

लोमान्थाङ गाउँपालिका अध्यक्ष टसीनुर्व गुरुङले बर्सेनि हिउँदयामको मौसममा चिसो र सम्भावित हिमपातको जोखिमले विकास निर्माण काम चाहेर पनि गर्न नसकने अवस्था रहेको बताउनुभयो । "हिउँदयाममा यहाँका नागरिक पूरै जाडो छल्न बैंसी झर्छन्, यहाँका चिसोमा काम गर्नलाई पनि चिसोले उस्तै समस्या हुन्छ," अध्यक्ष गुरुङले भन्नुभयो, "चिसो घटेपछि वैशाख महिनामा विकास निर्माणको काम अघि बढाउन सकिन्छ, चिसोले यहाँका स्थानीय नागरिक स्वंय प्रभावित हुन्छन् ।" चिसोका कारण यहाँको घरपफोङ, थासाङ, लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकामा सञ्चालित सबै विकास योजना ठप्प बनेको बताइएको छ । अत्यधिक चिसो बढेसँगै माथिल्लो मुस्ताङको तापक्रम माइनस २० डिग्री र तल्लो मुस्ताङको तापक्रम माइनस १० डिग्रीमा झरेको छ ।

माथिल्लो मुस्ताङ र तल्लो मुस्ताङका अधिकांश सरकारी कार्यालयका कर्मचारी पनि जिल्लामा बस्न छाडिसकेका छन् । मुस्ताङमा चिसो अत्यधिक बढे पनि यहाँका तीनवटै सुरक्षा निकायका सुरक्षाकर्मी सम्बन्धित कार्यस्थलमा रहेर शान्तिसुरक्षा प्रदानमा खटिएका छन् । माथिल्लो मुस्ताङ मानवविहीन जस्तै अवस्थामा रहे पनि त्यहाँ कार्यरत दुर्गमका कर्मचारी नागरिकको रित्तो घर गाउँ कुरेर बसेका छन् ।

# पर्वतको ठाना गाउँका ८२ घरमा 'एक घर एक धारा' विस्तार

**पोखरापत्र संवाददाता**
पर्वत, २९ पुस

मोदी गाउँपालिका-६ तिलाहारको ठानागाउँमा 'एक घर एक धारा' निर्माण गरिएको छ । सो गाउँमा खानेपानीको चरम अभाव रहँदै आएको थियो ।

बस्तीभन्दा करिव एक घण्टा तल रहेका रतीखोला र मोदीखोलाबाट पानी ल्याउनु पर्दथ्यो । ठानागाउँमा सञ्चालित ठाना खानेपानी तथा सरसफाइ परियोजनाबाट धारा निर्माण गरिएको हो । यहाँ ८२ घरपरिवार छन् ।

नेपाल रेडक्रस सोसाइटी कास्कीको व्यवस्थापनमा युनिका फाउन्डेसन दी नेदरल्यान्डको आर्थिक सहयोग र स्थानीय मोदी गाउँपालिकाको साझेदारी तथा लाभग्राहीहरूको श्रमदानमा आयोजना सम्पन्न भएको हो । युनिका फाउन्डेसन दी नेदरल्यान्डको रु ८३ लाख ३४ हजार ७२०, मोदी गाउँपालिकाको रु २४ लाख ९६ हजार १२९, समुदायको रु २७ लाख ७८ हजार ७७३ बराबरको श्रमदान गरी रु एक करोड ३६ लाख १० हजार ६२२ को लागतमा आयोजना सम्पन्न भएको ठाना खानेपानी तथा सरसफाइ परियोजनाका अध्यक्ष कमलबहादुर केसीले जानकारी दिनुभयो । उक्त आयोजनाबाट ७८ व्यक्तिगत धारा र चारवटा सामुदायिक धारा जडान गरिएको छ । आयोजनाबाट प्रतिदिन ३८ हजार ७८९ लिटर पानी आपूर्ति गर्न सकिने भएको छ । बस्तीभन्दा माथि साढे दुई किलोमिटर दूरीमा रहेको कमल स्वारामा रहेको मुहानबाट जिआई र प्लास्टिक पाइप गरी एक फिल्टर र एक वितरण ट्याङ्कीमार्फत घरघरमा पानी वितरण गरिएको छ। खानेपानी अभावका कारण स्थानीयवासीहरूको बसाइँसराइ बढ्दै गएको र गाउँमा बस्नेहरूले पनि सास्ती खेप्नु परेको खबर पाएपछि खानेपानी आयोजना सञ्चालन गर्नका लागि आर्थिक सहयोग गरिएको युनिका फाउन्डेसन दी नेदरल्यान्डका कार्यकारी प्रमुख रमेशराज पौडेलले बताउनुभयो । उहाँले आयोजना सञ्चालनमा आउनु मात्र ठूलो कुरा नभई यसलाई दिगो रूपमा सञ्चालन गर्नु महत्वपूर्ण हुने बताउनुभयो । यसका लागि नियमित मर्मतसम्भार कोष खडा गर्नसमेत उहाँले आग्रह गर्नुभएको छ । खानेपानी आयोजना सञ्चालनमा आए पनि ठानागाउँ र आसपासका बस्तीका गरी झण्डै ५०० जनसङ्ख्या लाभान्वित भएको स्थानीय नन्दलाल सुवेदीले जानकारी दिनुभयो । ठानाबासीको वर्षौं देखिएको सपना पूरा भएको बताउँदै सुवेदीले यसबाट स्थानीयले पानी पिउन मात्र नभएर आयआर्जनका लागि कृषि पेसा गर्नसक्ने पनि बताउनुभएको छ । उहाँले यसको नियमित मर्मतसम्भारका लागि समुदाय सक्रिय रहने बताउनुभयो ।

गण्डकी प्रदेशसभा सदस्य भक्त कुँवरले आफ्नो निर्वाचन क्षेत्रमा खानेपानी, विद्युत, सडक, सिँचाइ जस्ता आयोजना निर्माणका लागि आफू निरन्तर सक्रिय रहँदै आएको बताउनुभयो । कार्यक्रममा मोदी गाउँपालिकाका अध्यक्ष हिरादेवी शर्मा, उपाध्यक्ष बिमल लामिछाने, सहयोगी संस्था युनिका फाउन्डेशन दी नेदरल्यान्ड, नेपाल रेडक्रस सोसाइटी कास्कीका पदाधिकारी तथा स्थानीय उपभोक्ताहरूले आयोजनाको निरन्तरताका लागि सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए ।

# भरतपुर अस्पतालमा बिरामीको चाप

**रासस**
चितवन, २९ पुस

गर्मी महिनामा बिरामी धान्न मुस्किल हुने भरतपुर अस्पतालमा जाडो महिनामा बिरामीको सङ्ख्या हालसम्मको उच्च पुगेको छ । अस्पतालको तथ्याङ्कअनुसार पुस २८ गते एकै दिन तीन हजार ११९ बिरामीले बहिरङ्ग सेवा लिएका हुन् ।

अस्पतालका स्वास्थ्य बीमा कार्यक्रम इन्चार्ज लिलाधर पौडेलका अनुसार ती बिरामीमध्ये दुई हजार ४७७ स्वास्थ्य बीमाका हुन् भने ६४२ नगदमा सेवा लिने हुन् । बीमाबाट सेवा लिने ७५ प्रतिशत रहेका छन् ।

विसं २०८१ पुस २८ गते दुई हजार ४७० जनाले सेवा लिएका थिए । त्यतिबेला एक हजार ८०५ स्वास्थ्य बीमाका र ६६५ अन्य रहेका थिए । विसं २०८० मा यो सङ्ख्या दुई हजार ३५७ थियो । त्यसमध्ये स्वास्थ्य बीमाका एक हजार ६८५ र ६७२ अन्य थिए । पौडेलका अनुसार यसअघिको अस्पतालको सबैभन्दा उच्च बिरामी सङ्ख्या २०८० असोज ४ गते रहेको थियो । त्यस दिन तीन हजार दुई जनाले सेवा लिएकामा दुई हजार १४३ स्वास्थ्य बीमाका र ८८९ अन्य बिरामी थिए ।

पौडेल एकाएक बिरामी बढ्नुमा स्वास्थ्य बीमाको प्रथम सेवा विन्दु परिवर्तन हुनसक्ने आशंका, पुसमा धेरैको बीमा अवधि सकिनु, काठमाडौंका कतिपय अस्पतालले बीमा सेवा बन्द गर्नु, विद्यालयमा बिदा हुनुलगायतका कारण हुनसक्ने बताउनुहुन्छ । स्वास्थ्य बीमामा भरतपुर अस्पताल देशकै उत्कृष्ट अस्पतालको रूपमा चिनिन्छ ।

अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट प्राडा कृष्णप्रसाद पौडेल स्वास्थ्य बीमासँगै नगदमा सेवा लिनेलाई अस्पतालले गरेको उच्चतम व्यवस्थापनका कारण बिरामीको उच्च चाप भएको बताउनुहुन्छ । केकारणले एकाएक बिरामी बढे भन्न नसकिने भन्दै उहाँले बीमा बन्द हुने हल्लाकै कारण बिरामी थपिएको हुनसक्ने बताउनुभयो ।

भरतपुरमा एक वर्षमा झण्डै चार लाख ५० हजार पटक बीमामा सेवा लिने आउने गरेका छन् । उनीहरूलाई सेवा दिएवापत बीमा बोर्डले भुक्तानी गर्नुपर्ने रकम रु ६० करोडभन्दा माथि पुगेको पौडेलले बताउनुभयो ।

# अन्नपूर्णको भुवाने देउरालीमा पाखो सम्माएर खेलमैदान निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २९ पुस

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-६ घारको भुवाने देउरालीमा पाखो सम्याएर खेलमैदान निर्माण भएको छ ।

गण्डकी प्रदेश सरकार र जर्मनको 'हिमालय फ्रेन्ड्स इभी' संस्थाको सहयोगमा भुवानी युवा परिवारले खेलमैदान निर्माण गरेका हुन् । हिमालय संस्थाले यस वर्ष रु १० लाख ५२ हजार २५० आर्थिक सहयोग गरेको खेलमैदान निर्माणका लागि गण्डकी प्रदेश सरकारले गत वर्ष रु पाँच लाख र क्लबले रु एक लाख खर्च गरेका थिए ।

उपभोगविहीन बाँझो सार्वजनिक भिरालो पाखामा डोजर परिचालन गरेर सम्याएर ११० मिटर लम्बाइ र ५० मिटर चौडाइ भएको खेलमैदान तयार भएको निर्माण समितिका अध्यक्ष श्याम खड्काले बताउनुभयो ।

फुटबल, बास्केटबल, क्रिकेट, एथलेटिक्स खेल सञ्चालन गर्न सकिने खेलमैदानमा पर्खाल, प्यारापिट र घेराबारका लागि वडा, गाउँपालिका, प्रदेश र सङ्घीय सरकारसँग पहल गरिएको निर्माण समितिले जनाएको छ । यसअघि खेलमैदान अभावमा विद्यालय परिसरमा खेलअभ्यास र प्रतियोगिता सञ्चालन हुने गरेको थियो । विद्यालयमा हुने खेलकुद गतिविधिका कारण बालबालिकाको पठनपाठन प्रभावित भएपछि छुट्टै ठाउँमा खेलमैदान निर्माण गरिएको निर्माण समितिका सचिव जितबहादुर बरुवालले बताउनुभयो ।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३३, लप्सी कुनादेखि शिशु कल्याण मा.वि.सम्म बाटो स्तरोन्नति गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः लप्सी कुनादेखि शिशु कल्याण मा.वि.सम्म बाटो स्तरोन्नति
ठेगानाः पोखरा-३३, माछापुच्छ्रे टोल
योजना सम्झौता मिति : २०८२/०८/१७ गते
योजना सुरु मितिः २०८२/०८/१७ गते
योजना सम्पन्न हुने मितिः २०८२/०९/२९ गते
योजना सम्पन्न भएको मितिः २०८२/०९/०१ गते
योजनाको कुल लागतः रु. ४,४४,७९५.५२
महानगरपालिकाबाटः रु. ४,००,०००।-
जनसहभागिताबाटः रु. ४४,७९५.५२
उपभोक्ता समिति अध्यक्षः टिका गिरी
सम्पर्क नं.: ९८४६२८७४०३
उपभोक्ता समिति सदस्यः ७ जना महिलाः ३ पुरुषः ४ जना

**लप्सी कुनादेखि शिशु कल्याण मा.वि.सम्म बाटो स्तरोन्नति उपभोक्ता समिति पोखरा-३३**

## Machhapuchchhre Rural Municipality
## Office of the Rural Municipal Executive
## Lahachowk, Kaski

## Invitation for Electronics Sealed Quotation

**First Publication Date: 2082/09/30 (2026-01-14)**

1. The Machhapuchchhre Rural Municipality, Kaski invites electronic sealed quotations from registered Suppliers for the Procurement and supply of veterinary drugs.

| S. N. | Sealed Quotation No. | Description of works | Bid validity period | Bid security validity | Bid Security Amount (NRs) | Bid Document Fee (Non Refundable NRS | Deadline for purchase of Bid Document | Deadline of bid submission | Date and time of bid opening |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | MRM/SQ/GD/02/2082-83 | Procurement and supply of medicines and medicinal items | 45 days | After 30 days of bid validity period. | 50,000.00 | 1000.00 | 2082/10/14 till 12:00 Noon | 2082/10/14 till 12:00 Noon | 2082/10/14 at 1:00 PM |

| | |
|---|---|
| Account No. for bid document purchase fee: | Name of Bank: Prabhu Bank Limited<br>Name of Office: Machhapuchchhre Rural Municipality, Office of the Rural Municipal Executive<br>Office Code no :801043903<br>Account Number : 1400109223400069<br>Account Type : GA-1.1 Machhapuchchhre GA.PA. Antarik Rajashwo Khata |
| Account No. for bid security deposit: | Name of Bank: Prabhu Bank Limited<br>Name of Office: Machhapuchchhre Rural Municipality, Office of the Rural Municipal Executive<br>Account Number : 1400109223400048<br>Account type : GA-3 Machhapuchchhre GA.PA Sthaniya Taha Dharauti Khata |

2. Eligible suppliers may obtain further information and inspect the sealed quotation documents from PPMO website www.bolpatra.gov.np/egp.
3. If last date of purchasing and/or submission falls on a government holiday, then next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same prescribed for the original last date of bid submission. The bid validity and bid security shall be counted after date of bid opening.
4. Machhapuchchhre Rural Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
5. Any provisions which are not mentioned in this notice will be consistent with PPA 2063, PPR 2064 and other prevailing Nepalese Laws.

**Chief Administrative Officer**